नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
**कार्यक्रम कार्यान्वयन एकाइ, सिन्धुली**

फोन नं.-०४७-५९०४८७
इमेल: pmamp.piu.sindhuli1@gmail.com
वेबसाइट: piusindhuli.pmamp.gov.np

प. सं. २०८३/८४
च. नं.:

मितिः २०८३/०६/१२

श्री कृषि विकास कार्यालय,सिन्धुली
श्री स्थानिय तहहरु सबै
श्री आवेदकहरु सबै
श्री सम्बन्धित सबै

**सूचना नं.६: किसान सूचिकरण प्रणालीमा आवद्ध हुने सम्बन्धि सूचना।**

प्रस्तुत विषयमा किसानको पहिचान गरी सरकारी तवरबाट तथ्यपरक योजना तथा कार्यक्रमको तर्जुमा गर्न र किसानहरुलाई उपलव्ध गराईने सुविधाको पारदर्शिता तथा सुशासन अभिबृद्धि गर्न संघ प्रदेश र स्थानिय तह तिनै तहको साझेदारीमा किसानहरुको आवश्यक विवरण संकलन गरि विद्युतिय प्रणाली व्यवस्थापन तथा संचालन गर्नका लागि किसान सूचिकरण कार्यक्रम कार्यन्वयनमा रहेको सुचित गराइन्छ।

सोहि सन्दर्भमा, सिन्धुली जिल्लामा तिनै तहको कृषि सम्बन्धि कार्यक्रमको प्रभावकारी कार्यान्वयन, समन्वय तथा पारदर्शिता सुनिश्चित गर्नका लागि प्राप्त परिपत्र बमोजिम यस कार्यक्रम कार्यान्वयन एकाइ सिन्धुली अन्तर्गत रहेका चालु आ.ब.२०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रमको लागि जुनार सुपरजोन र अदुवा/वेसार जोन सिन्धुलीमा आवेदन दिनुहुने सम्पुर्ण आवेदक कृषक महानुभावहरुले यस सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र किसान सूचिकरण प्रणालीमा आवद्ध भइ किसान सूचिकरण प्रणालीमा दर्ता भएको दर्ता नं. अनिवार्य रुपमा उपलब्ध गराउनुहुन यसै सूचना मार्फत जानकारी गराईन्छ।

- किसान सूचिकरण प्रणालीमा दर्ता नं. को लागि सम्बन्धित स्थानिय तहको कृषि/पशु शाखा प्रमुखलाई सम्पर्क गर्नुपर्नेछ।
- दर्ता नं. प्राप्त भए पश्चात यस कार्यक्रम कार्यान्वयन एकाइमा सम्पर्क गर्न सकिने छ।

**☞ थप जानकारीको लागि:**
राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन एकाई, सिन्धुलीको फोन नं. ०४७-५९२४८७
सविता दाहाल (ना.प्रा.स) ९८६२३४९४३६

.....................
विनय वावु कोइराला
निमित्त बरिष्ठ कृषि अधिकृत

निमित्त कार्यालय प्रमुख

"स्वदेशी उत्पादनमा लगानी, आत्मनिर्भर कृषिको थालनी "
"Invest in Domestic Production, Path to Self-Sufficiency"